उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

उपराष्ट्रपतिको कार्यालय
लैनचौर, काठमाडौं, नेपाल

## ईद (ईद उल फित्र) पर्व, २०८० को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरूको महान चाड ईद (ईद-उल-फित्र) पर्वको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

ईद (ईद-उल-फित्र) पर्वलाई मुस्लिम समुदायले आपसी रिस, राग र द्वेषलाई बिर्सेर आपसमा खुसीयाली सद्भाव र शुभकामना आदानप्रदान गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ । विशेष नमाज पढी सकेपछि ईदको अवसरमा आफूभन्दा ठूला बडाबाट आशिर्वाद लिने र आफूभन्दा सानालाई आशिर्वाद दिँदै मिष्टान्न एवं स्वादिष्ट परिकार खाने र खुवाउने परम्परा रहिआएको छ । यस पर्वले मुस्लिम समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासका साथै राष्ट्रिय सद्भाव र एकता प्रवर्धनमा समेत योगदान पुग्ने विश्वास लिएको छु ।

मुस्लिम समुदायको बसोबास रहेका सबैजसो भागमा यो पर्व मनाइन्छ । यो पर्व नेपाली समाज र साँस्कृतिक विविधताको परिचायकको रुपमा समेत रहेको छ । सामाजिक, धार्मिक एवं साँस्कृतिक विविधता बीचको एकताले नै नेपाली राष्ट्रियतालाई मजबुत बनाउने कुरामा विश्वस्त छु ।

अन्तमा, यस पर्वले राष्ट्रिय एकता र साँस्कृतिक ऐक्यवद्धताको भावना सुदृढ भई सभ्य, समुन्नत र समृद्ध समाज निर्माण गर्न थप प्रेरणा प्रदान गरोस भन्ने कामना गर्दछु ।

रामसहाय प्रसाद यादव
कार्यवाहक राष्ट्रपति

२०८० साल वैशाख ०९ गते शनिबार ।